# डा. सानुभाइज्यूको लेखको खण्डन (२)

*- आचार्य धर्म वज्र (श्रीधर राणा)*

अघिल्लो अङ्कमा डा. सानुभाइ डंगोलज्यूका लेखहरूको सामान्य विवेचना प्रस्तुत गर्‍यौं । अब बूंदागत विवेचनाको क्रममा आनन्द भूमिको ज्येष्ठको अङ्क (वर्ष ३३ अङ्क २) मा निस्केको उहाँको लेखलाई लिँदैछौं ।

उहाँले भन्नुभएको छ कि बुद्धधर्मले अनेकौं शाखा-प्रशाखाले विभाजित हुने क्रममा शाक्यमुनि बुद्धले सिकाएका मूलभूत सिद्धान्तहरूलाई तोडमरोड गरे । त्यसमा मूलभूत सिद्धान्त छुटयाउन राजा अशोकको पालामा बनेको थेरवादी ग्रन्थ 'चुल्लवग्ग' लाई उहाँले आधार बनाउनुभएको छ । तर 'चुल्लवग्ग' स्वयं थेरवादको ग्रन्थ भएकोले यसका आधारमा थेरवादलाई मूलभूत सिद्धान्तको वाहक शाखा मान्नु दूधको साक्षी विरालो जस्तो हुने भएकोले निष्पक्ष एवं शोधमूलक मान्यतामा उक्त भनाई खरो उत्रिन सक्दैन । अनि कुन आधारमा उहाँले थेरवाद बाहेक अन्य निकायले विकृति भित्र्याएको पुष्टि गर्नुहुन्छ ? महासांघिक आदि निकायका सिद्धान्त मौलिक र थेरवादले तोडमरोड गरेको हुन नसक्ने कुनै ठोस, ऐतिहासिक, पुरातात्विक निष्पक्ष प्रमाण दिन सक्नुहुन्छ कि ?

फेरि, बि. जिननन्दले 'चुल्लवग्ग' बाट उद्धृत गरेका दशओटा कुराहरूद्वारा वज्जीका भिक्षुहरूले बुद्ध धर्मलाई विकृत पारेकाले त्यसबाट बचाउन तेस्रो संगायन भएको उल्लेख सानुभाइले गर्नुभएको छ । थेरवादकै पालि निकायको सुत्त दीघ निकायको 'महापरिनिब्बान सुत्त' को तथागतपच्छिम वाचामा 'आकंखमानो, आनन्द संघो ममच्चयेन खुद्दानुखुद्दकानि सिक्खापदानि समूहनतु' अर्थात् 'हे आनन्द, संघले चाहेमा मेरो मृत्युपछि साना मसिना (क्षुद्र-अनुक्षुद्र) शिक्षापदहरूलाई हटाए हुन्छ' भनेर स्वयं बुद्धले अनुमति दिएको उल्लेख स्पष्ट छ । अब प्रश्न छ, के एक संघले साना तिना शिक्षाहरू बुद्धकै अनुमति बमोजिं बदल्यो र अर्को संघले बदल्न चाहेन र यथास्थितिवादी नै रहिराख्न चाह्यो (त्यो पनि साना तिना कुराहरूमा) भन्दैमा अनित्यता सिकाउने बुद्ध धर्ममा विकृति भएको मान्न मिल्छ ? त्यसमा पनि सिङ्मा नुन लैजाने कि नलैजाने, खाना पछि मोही खाने कि नखाने जस्ता ती दश कुराहरूको आधारमा बुद्धधर्मका विकृति र शुद्धता छुटयाउने हो भने बुद्ध धर्म नै कुन स्तरको धर्म र दर्शन हो र समाजलाई कुन तहको शान्ति र दुःखमुक्ति देला भनेर हामीले बुझ्ने ?

सानुभाइले उद्धृत गरेको *2500 Years of Buddhism* मा बि. जिननन्दले लेखेको त्यही लेखमै बताइएको छ कि पश्चिमी देश, अवन्ती र दक्षिण देशका जम्मा १४८ जना अर्हत्हरूले अहोगङ्गा पर्वतमा जम्मा भई यी ठीक हुन् कि बेठीक भनेर छलफल गर्दा निर्णय गर्न गाह्रो भएर रेवत महास्थविरले बेठीक भन्ने निर्णय दिएका थिए रे । क्षुद्रानुक्षुद्र विषय नभएर यी प्रमुख कुरा भएका भए अर्हत् भैसकेका १४८ जनाहरूलाई निर्णय गर्न कुनै कठीनाइ हुने थिएन किनकि सबैले स्पष्ट रूपमै "गलत" भन्ने देख्न सकिहाल्थे । उता बेठीक भन्ने निर्णय दिने एकजना अर्हत् मात्रको भनाइका आधारमा १४८ जना अर्हत्को निर्णय प्रभावित भएको छ । यसबाटै स्पष्ट हुन्छ कि थेरवादले एकजनाको मतको निर्णयले नै यी कुरालाई जवर्जस्ती गलत ठानेर चल्दै आएको रहेछ । त्यसरी पनि विकृतिको निर्णय हुन सक्छ ? १४८ जना अर्हत्हरूको अन्योलमा कुनै सत्यता थिएन भनेर अहिले हामीले कसरी ठोकुवा गर्न सकिन्छ ? उक्त लेखमा जिननन्दले पनि ती कुरालाई पालि स्रोत आदिका आधारमा प्रस्तुत गरेका छन्, तर बुद्धधर्मकै विकृति भनेर कतै पनि बताएका छैनन् जब कि सानुभाइज्यूले ठोकुवा गरेरै "विकृति" भनिदिनुभयो ! त्यसलाई उहाँले स्पष्ट पार्नुपर्ने थियो ।

उक्त किताबको प्रथम संस्करण १९५९ को भएको हुनाले र त्योभन्दा अगाडि पालि स्रोत बाहेक अरू स्रोतको राम्रो अध्ययन नभइसकेकोले त्यसका लेखकहरू अधिकांश मिति पुगिसकेका पुराना आङ्गल-जर्मन समूहका छन् र जिननन्दले पनि त्यसकै बढी अनुसरण गरेका छन् ।

डा. सानुभाइज्यूले उक्त अङ्कमा फेरि महासांघिकले बुद्धलाई मानुषी व्यक्तिबाट लोकोत्तर व्यक्तिको रूपमा प्रस्तुत गरे भनेर विकृति ल्याएको भन्न खोज्नुभएको छ । बुद्धलाई उहाँले मानुषी व्यक्तिको रूपमा कुन आधारमा निश्चित गर्नुहुन्छ ? अंगुत्तर निकायको चक्क वग्गको दोणसुत्त (१.४.३६) मा त बुद्ध स्वयंले "म मानव होइन" भनेर स्पष्टै बताउनुभएको देख्न पाइन्छ । "म महामानव हुँ" भनेर बुद्धले आफूलाई बताएको कुनै स्रोत फेला पार्नुभएको छ कि ? मनुष्य योनिमा जन्मेको कारणले रूप मनुष्यको भए पनि ज्ञान र गुणको कारणले उहाँ मनुष्य नभएर एक 'बुद्ध' हुनुहुन्थ्यो भन्ने कुरा त उक्त सुत्तका उहाँकै वचनहरू "बुद्धोति यं ब्राह्मण धारेहि" आदिबाट बुझिन्छ । उहाँले स्वयं नै आस्रवहरू प्रहाण भैसकेकोले म मनुष्य, देव, गन्धर्व आदि कोही होइन, मलाई त बुद्ध भनेर बुझ भन्नुभएको छ र कमलमा पानी नलागे जस्तै म लोकमा उपलिप्त छैन भन्नुभएको छ । जस्तै,

पुण्डरीकं यथा वग्गु, तोयेन नुपलिप्पति
नुपलिप्पमि लोकेन, तस्मा बुद्धोस्मि ब्राह्मणांति (अंगुत्तर निकाय १.४.३७-३७)

त्यसरी लोकमै नटाँसिएका व्यक्तिलाई लोकोत्तर नमानेर लौकिक नै ठान्नु या मान्नु बुद्धलाई नै नबुझ्नु र नचिन्नु हो । बरु यो पो बुद्धधर्मको विकृति हो । महासांघिकको दृष्टिलाई कसरी विकृत भन्ने ?

अभिधम्मका अनुसार पनि स्रोत आपन्न भैसकेको व्यक्ति समेत लोकोत्तर हुन्छ भने एक अर्हत् र अझ सम्यक्सम्बुद्ध लौकिकै भइरहनु कसरी युक्तिसंगत छ ?

सम्पूर्ण पालि निकायमा कहीँ पनि एक अनुच्छेद पनि त्यस्तो भेटिँदैन जहाँ बुद्धलाई केवल एक मानव मात्र या एक मानुषी व्यक्ति मात्रको रूपमा प्रस्तुत गरिएको होस् । बरु धेरै अनुच्छेदहरू यस्ता छन् जसले तथागत महापुरुष भन्दा पनि बढी, उत्तम पुरुष भन्दा पनि बढी, सर्वोत्तम देव र मनुष्यहरूभन्दा पनि माथि भनेर स्पष्ट शब्दमा उल्लेख गरेका छन् । (अंगुत्तर नियका २.११, *Discerning The Buddha*; Lalmani Joshi, pp. 160)

त्यस्तै उहाँलाई अङ्गुत्तर निकायमै ‘अप्पमाणो बुद्धो, अप्पमेय्यो, अमतस्स दाता अचिन्तिया’ आदि भनिएको छ याने बुद्ध अप्रमाण छन्, अप्रमेय छन्, अमृतका दाता छन्, अचिन्त्य छन् भनिएको छ । थेरापदानमा ‘बुद्धविषयो अचिन्तेय्यो’ अर्थात् बुद्धविषय अचिन्त्य छ भनिएको छ । धम्मपदमा ‘तंबुद्धं अनन्तगोचरं’ (१७९, १८०) अर्थात् ‘ती अनन्त क्षेत्र भएका बुद्धलाई’ भनिएको छ । मज्झिमनिकाय (२.८२) मा ‘तथागतो गम्भीरो, अप्पमेय्यो दुप्परियोगाहो सेय्यथपि महासमुद्दो’ अर्थात् तथागत गम्भीर, अप्रमेय र महासमुद्र जस्तै पार पाउन नसकिने हुनुहुन्छ भनिएको छ । के यस्तो व्यक्तिलाई केवल मानुषी व्यक्ति मात्र भन्न सकिन्छ ?

सानुभाइले उद्धृत गर्नुभएको अनुकूल चन्द्र बनर्जीको “All these conceptions led to the deification of the Buddhas and Bodhisattvas.....” को सवालमा प्रो. डा. लालमणिज्यू यसो भन्नुहुन्छ - “...... थेरवादी पालि पिटकले ‘मानुषी गौतम’ को आधुनिक मिथकलाई आड दिने आदर्शलाई किनारा लगाइदिन्छन् र अमान्य तुल्याउँछन् र पालि पिटकको बुद्ध विषयक अध्ययन (Buddhology) पनि ऐतिहासिक बुद्धलाई पछिको बुद्धधर्मले दैवीकरण (deification) गरे भन्ने लोकप्रिय तर अर्थहीन आधुनिक अवधारणासँग विरुद्ध छ । शरुदेखि नै न त त्यहाँ दैवीकरण भएको छ न त अमानुषीकरण (dehumanization) भएको छ ।......”

बुद्धलाई जहिले पनि न त मुनष्य न देवताको रूपमा कल्पना गरिएको छ । यी दुवै शब्दहरू 'बुद्ध' शब्दको विरुद्ध छन् र 'बुद्ध' को अर्थलाई तल झार्ने काम गर्दछन् (*Discerning The Buddha;* Lalmani Joshi, pp. 169) । यस्तो मानुषी बुद्धको धारणालाई Richard Gombrich र Gananath Obeye Sekere ले *Buddhism Transformed* भन्ने किताबमा 'प्रोटेस्टेण्ट बौद्ध धर्म (Protestant Buddhism) याने आधुनिकतावादले हिर्काइएको प्रोटेस्टेण्ट क्रिश्चियन शिक्षाले प्रभावित भएर व्यख्या गरिएको बुद्ध धर्म' भनेर नामकरण गरेका छन् (pp. 202-204) ।

अर्को कुरा, सानुभाइज्यूले *2500 Years of Buddhism* को अनुकूल चन्द्र बनर्जीको लेखबाट अनुच्छेदहरू उद्धरण गर्दा कतिपय ठाउँमा अंग्रेजी शब्दको गलत अनुवाद गरेर भ्रम पारिदिनुभएको छ, जस्तै 'self-possessed' लाई 'आत्मकेन्द्रित' भनेर अनुवाद गर्नुभएको छ जब कि उक्त शब्दको त्यहाँको अभिप्राय 'प्रशान्त' या 'स्वस्थचित्त वाला' हो । 'आत्मकेन्द्रित' भनेर 'self-centered' लाई बुझिन्छ । फेरि वात्सीपुत्रीय बाहेक अरु कुनै पनि बौद्ध निकायले आत्माको अस्तित्वलाई नै नमान्ने भएकोले त्यो अर्थ दिनु उचित देखिँदैन । त्यस्तै 'always in the state of samadhi' को अनुवाद 'सधैं समाधिमा लीन रहने' भनेर गर्नुभएको छ, जब कि समाधिमा लीन भनेको 'शमथ' को अवस्था हो । तर त्यहाँ त 'समाधिमा लीन' नभनेर 'समाधिको अवस्थामा रहने' भन्नुपर्थ्यो जसले विपश्यनाको अवस्थालाई जनाउँछ । हेर्दा उस्तै लागे पनि यी धेरै मसिना कुराहरू हुन् र त्यहाँ गहिरो भिन्नता छ जसलाई सानुभाइज्यूले ख्यालै नगरी मिसाइदिनुभयो ।

फेरि 'dosetically' शब्दको पनि उहाँले 'उच्चस्थान' भनेर अनुवाद गर्नुभएको छ जसको उक्त शब्दसँग सम्बन्धै छैन । यो त क्रिश्चियन धार्मिक शब्द हो जसको अर्थ 'स्वर्गमा आफ्नो वास्तविक रूप भएरै तल आफ्नो छाया जस्तो रूप पठाएर' भन्ने हुन्छ न कि 'उच्च स्थान' । त्यस्तै 'deification' लाई 'विशुद्ध' भनेर अनुवाद गर्नुभयो जब कि त्यसको अर्थ 'दैवीकरण' याने 'देवता जस्तो बनाउनु' हो ।

यी सबै कुराहरू लेख्दा अनुकूल चन्द्र बनर्जीले केवल महासांघिकले यस्तो भन्छन् भनेर लेख्नुभएको छ न कि त्यस्तो मान्नु विकृति हो भनेर । तर सानुभाइज्यूले ती लेखको अभिप्रायलाई 'विकृति' को रूपमा प्रस्तुत गर्नुभएको छ जसको प्रामाणिकता केही पनि दिनुभएको छैन । उहाँ आफैले नै 'विकृति' भनेर ठोकुवा गर्न अघि सर्नुभएको हो कि ! (पालि परम्पराको अवधारणासँग मिलेन भन्दैमा विकृति भन्न नसकिने कुरा यो भन्दा अघिल्लो अङ्कमा प्रो. कोञ्जे आदिको भनाइलाई उद्धृत गरी बताइसकेका छौं ।)

अब हामी आषाढको अङ्कको विषयमा बूँदागत विवेचना गर्नेछौं ।

……क्रमशः